# बारागढी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
खोपवा ,बारा
प्रदेश नं.२,नेपाल

## पुरबारी बाँध माछा पोखरी ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

दोश्रो पटक प्रकाशित मितिः २०७७।१०।२३

यस गाउँपालिकाले देहाय बमोजिमको माछापोखरी ठेक्का आ.ब. ०७७/०७८ देखी ०८१/०८२ सम्म पाँच बर्षको लागि बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलका शर्तहरुको अधिनमा रही ईच्छुक व्यक्ति तथा फर्महरुले सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | अवस्थित | कित्ता नं. | क्षेत्रफल | ठेक्काको न्युनतम अंक(पाँच वर्षको लागि) | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १/२०७६-०७७ | साविक गा.वि.स. सुखिपथरा वडा नं.५ हाल बारागढी गाउँपालिका वार्ड न.४ पथरा | ९९ र १०० | ०-१३-१७ र ०-११-० | रु ५,००,०००/- | रु ३,०००/- | |

१. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्काको नम्बर, नाम र बारागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भन्ने प्रष्ट लेख्नुपर्नेछ।

२. बोलपत्र फारम यस कार्यालयबाट माथि उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी दस्तुर यस कार्यालय खोपवामा नगद तिरी सोको सक्कलै नगदी रसिद सहित प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालयबाट कार्यालयको समयमा खरिद गर्न सकिनेछ।

३. बोलपत्र दाखिला गर्ने फर्मको हकमा स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ.व०७६/०७७ को करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य पेशगर्नु पर्नेछ।

४. बोलपत्रको साथ आफुले कबोल गरेको अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा हिमालयन बैङ्क बारागढी शाखामा रहेको धरौटी खाता नं ०५४०८६४६२९००१४ मा जम्मा गरी सक्कलै भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त 'क' श्रेणीको बैंकले यस कार्यालयको नाममा जारिगरेको ९० दिन सम्म म्याद भएको बिडवण्डको सक्कलै प्रति संलग्न गर्नुपर्नेछ।

५. सुचना प्रकाशित भएको ८ औं दिनमा दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गराई सक्नुपर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबारमा बोलपत्र खोलिनेछ। उक्त दिन बिदापरेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । बोलपत्र खोलिने मिति र समयमा बोलपत्र दाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै कसिमको बाँधा पर्नेछैन्।

६. बोलपत्र स्वीकृत भएको सात दिन भित्र बोलपत्रदाता सम्झौता कबुलियतनामाको लागि पहिलो किस्ता वापतको रकम नगदै यस कार्यालयको आन्तरिक आय खातामा दाखिला गरेको सक्कलै बैंक भौचर र बाँकी रकमको हकमा बैंक ग्यारेण्टी (पर्फरमेन्सबण्ड) तथा सो वापतको जग्गा जमानत पत्र पेश गरेपछि मात्र कबुलियतनामा गराई पट्टा चलानीपुर्जीउ पलब्ध गराईनेछ।

७. ठेकदारले एक मुष्ट कबोल अङ्क दाखिला गरेमा कबोलअंकको १० प्रतिशत रकम छुट दिईनेछ।

८. ठेकेदारले ठेक्का स्वीकृत भएको कबोल रकम कुल पाँच किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता सम्झौताका बखत र अन्य बाँकी किस्ता वापतको रकम कुल चार भाग गरी हुन आउने रकम प्रत्येक जेष्ठ मसान्त भित्र एक किस्ता दाखिला गर्नुपर्नेछ । कुल रकम पाँच किस्तामा रकम दाखिला गर्ने ठेक्दारको हकमा बुन्दा नं. ६ को शर्त लागु हुनेछ।

९. ठेक्का सम्बन्धी कुनै विवाद भएमा गाउँ पालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. ठेक्का सम्बन्धी अन्य थप कुराहरू बुझ्नु परेमा यस कार्यालयको योजना शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

११. यस सुचनामा उल्लेख नभएको शर्तहरुको हकमा प्रचलित नेपाल सरकारको कानुन बमोजिम हनेछ।

आमोद चौधरी
(प्रमुख प्रशासकीय अधिकृत)